# मुक्त हलिया पुनःस्थापन नीति नियम संगालो

मुक्त हलिया पुनःस्थापनसंग सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश र कार्यविधिको संकलन

(आ.व. २०७५।७६ सम्मको संशोधन सहित)


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति**

सिंहदरबार, काठमाण्डौ

२०७५

# मुक्त हलिया पुनःस्थापन

## संग सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश र कार्यविधि संकलन

**(आ.व. २०७५।७६ सम्मको संशोधन सहित)**

सम्पादन संकलन समितिद्वारा तयार गरिएको


| | |
|---|---|
| प्रकाशकः | नेपाल सरकार,<br>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति |
| प्रकाशन मितिः | २०७५ माघ |



सर्वाधिकार© प्रकाशकमा सुरक्षित

# प्राक्कथन

हलिया मुक्तिको घोषणा संगै मुक्त हलियाको पुनःस्थापनका लागि नेपाल सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसका लागि मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति क्रियाशिल रहेको छ ।

विभिन्न नीतिगत, कानूनी तथा कार्यविधिगत दस्तावेजहरु नै हलिया पुनःस्थापनका मार्गनिर्देशकका रुपमा रहेका छन् । पुनःस्थापन संग सम्बन्धित नीतिगत व्यवस्थाहरु एकिकृत रुपमा उपलब्ध नहुँदा कार्यक्रम सञ्चालन एवं सो को मूल्यांकनमा समेत भएको अफ्ठ्यारोलाई सम्बोधन गर्न यस संग सम्बन्धित सबै नीतिगत एवं कार्यविधिगत व्यवस्थाहरुलाई यस पुस्तिकामा प्रकाशन गर्न लागिएको छ। यसमा मूल दस्तावेज र सोमा भएका संशोधन समेत सिलसिलेवार ढंगवाट प्रस्तुत गरिएका छन् । दस्तावेजहरुको संकलन, अद्यावधिक, सम्पादन तथा प्रकाशनको क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत पुस्तिकाको प्रकाशनले समयको बचत गर्ने, कार्यमा सहजता ल्याउनुका साथै यस क्षेत्रमा क्रियाशिल अनुसन्धानकर्ता, पाठकवर्ग एवं सरकारी तथा गैरसरकारी संस्थाको लागि समेत उपयोगी हुने विश्वास लिएको छु ।

**सहसचिव शंकर बहादुर थापा**
**सदस्य-सचिव**
**मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति**

# विषयसूची


| सि.न. | विषय | पेज नं. |
| --- | --- | --- |
| १ | नेपालको संविधान (२०७२) मा रहेको मुक्त हलिया सम्बन्धी व्यवस्था | १ |
| २ | चौधौं योजना (आर्थिक वर्ष २०७४-२०७५।७६) मा रहेको मुक्त हलिया सम्बन्धी व्यवस्था | २ |
| ३ | मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७० | ३ |
| ४ | मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना, २०७० | १३ |
| ५ | मुक्त हलियालाई जग्गा खरिद तथा दर्ता र घर निर्माण तथा मर्मत सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यविधि, २०७२ | २७ |

# नेपालको संविधान (२०७२) मा रहेको मुक्त हलिया सम्बन्धी व्यवस्था

**भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

**५१.** **राज्यका नीतिहरूः** राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(६) मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापन गर्ने,

# चौधौं योजना (आर्थिक वर्ष २०७४-२०७५।७६) मा रहेको मुक्त हलिया सम्बन्धी व्यवस्था

**परिच्छेद-४ क्षेत्रगत विकास नीतिहरू**

**४.१.४ भूमिसुधार**

२. **चुनौती तथा अवसरः** चुनौती वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु, सुकुम्वासी समस्या समाधान गर्नु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्नु, भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्नु, भूमिसम्बन्धी अभिलेखहरूलाई व्यवस्थित गर्नु र मुक्त कमैया तथा हलियाको शीघ्र पुनःस्थापन गर्नु भूमिसुधार र व्यवस्था क्षेत्रका मुख्य चुनौती रहेका छन् । अवसर भू–उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनका लागि दोस्रो पुस्ता सुधार कार्यक्रम कार्यान्वयनमा ल्याउनु, व्यवस्थित बसोबास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन् ।

**३.५ कार्यनीति**

(२) मुक्त कमैया तथा मुक्त हलिया पुनःस्थापन कार्य सम्पन्न गरिनेछ।(१)

**३.६ प्रमुख कार्यक्रमहरू**

(ग) भूमिसुधार कार्यक्रम, मुक्त कमैया, मुक्त हलिया तथा हरूवा, चरुवा पुनःस्थापन कार्यक्रम,

१. मुक्त कमैया र हलियाहरूलाई पुनःस्थापन र ती परिवारहरूलाई सीपमूलक एवम् व्यावसायिक तालिम प्रदान ।

२. बँधुवा मजदुर निषेधसम्बन्धी कानुनको कार्यान्वयन र हरुवा चरुवाहरूको पुनःस्थापन ।

४. **अपेक्षित उपलब्धीः** मुक्त कमैया तथा हलियाहरूको पुनःस्थापन कार्यक्रम सम्पन्न भएको हुनेछ ।

# मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७०

**स्वीकृत**

मन्त्रिपरिषद्बाट २०७०।१२।०६

**संशोधन**

पहिलो संशोधन २०७३।०३।०६
दोस्रो संशोधन २०७४।०५।१४
तेस्रो संशोधन २०७५।०६।०५

**प्रस्तावनाः**

मुक्त हलियाहरुको पुनःस्थापन कार्य सम्पन्न गर्न र बृत्ति विकासका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउदै मुक्त हलिया परिवारहरुको जीवनस्तरमा सुधार ल्याउन आवश्यक व्यवस्था गर्नका लागि एक समिति गठन गरी काम कर्तव्य र अधिकार समेतको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको आदेश जारी गरेको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति सम्झनु पर्छ ।

(ख) "समन्वय समिति" भन्नाले दफा ८ वमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले दफा ९ वमोजिम गठन भएको "मुक्त हलिया पुनःस्थापन जिल्ला समिति" सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

३. **मुक्त हलिया पुनःस्थापन समस्या समाधान समितिको गठनः** (१) मुक्त हलियाहरुको पुनःस्थापन, बृत्ति विकासका योजनाहरुको तर्जुमा गरी जीवनस्तरमा सुधार ल्याउने कार्य गर्न "मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति" स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछनः-

(क) मन्त्री वा राज्यमन्त्री, भूमि व्य., स. तथा ग. नि. मन्त्रालय -अध्यक्ष

(ख) उपाध्यक्ष वा सदस्य, राष्ट्रिय योजना आयोग
(भूमि व्य., स. तथा ग. नि. मन्त्रालय हेर्ने) -सदस्य

(ग) सचिव, भूमि व्य., स. तथा ग. नि. मन्त्रालय -सदस्य

(घ) सचिव वा निजले तोकेको सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव वा निजले तोकेको सहसचिव, श्रम, रो.तथा सा.सु.म. -सदस्य

(च) सचिव वा निजले तोकेको सहसचिव, गृह मन्त्रालय -सदस्य

(छ) सचिव वा निजले तोकेको सहसचिव,
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय -सदस्य

(ज) सचिव वा निजले तोकेको सहसचिव,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(झ) सचिव वा निजले तोकेको सहसचिव,
वन तथा वातावरण मन्त्रालय –सदस्य

(ञ) सचिव वा निजले तोकेको सहसचिव, शहरी विकास मन्त्रालय -सदस्य

(ट) सचिव वा निजले तोकेको सहसचिव,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ठ) सचिव वा निजले तोकेको सहसचिव,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ड) सचिव वा निजले तोकेको सहसचिव,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ढ) सचिव वा निजले तोकेको सहसचिव,
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ण) मुक्त हलिया मध्येबाट मन्त्रालयले तोकेको
एक महिला सहित प्रतिनिधि २ जना -सदस्य

(त) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(भूमि व्यवस्थापन महाशाखा) -सदस्य-सचिव

४. **समितिको कार्यक्षेत्रः** समितिको कार्यक्षेत्र मध्यपश्चिमाञ्चल विकास क्षेत्रका सुर्खेत, जाजरकोट र हुम्ला जिल्लाहरु तथा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रका कैलाली, कञ्चनपुर, डडेल्धुरा, अछाम, बझाङ्ग, बाजुरा, दार्चुला, बैतडी र डोटी जिल्लाहरु हुनेछन् ।

५. **समितिको कार्यालयः** समितिको कार्यालय मन्त्रालयमा रहनेछ ।

६. **समितिको काम, कर्तब्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकार (मन्त्रीस्तर) बाट स्वीकृत मुक्त हलिया पुनःस्थापन तथा अनुगमन सम्बन्धी कार्यविधि, २०६९ अनुसार बर्गीकरण गरी परिचय पत्र वितरण गरिएका मुक्त हलियाहरुलाई यस आदेश बमोजिम पुनःस्थापन तथा आयआर्जनका क्षमता विकासका लागि बृत्तिविकासका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

(ख) नेपाल सरकारबाट स्वीकृत मुक्त हलियाको पुनःस्थापनको ढाँचा र कार्ययोजना बमोजिमको उद्देश्य हासिल गर्न कार्ययोजनामा जिम्मेवारी तोकिए वमोजिम सम्बन्धित मन्त्रालयवाट योजना तर्जुमा, बजेट/कार्यक्रम र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

(ग) नेपाल सरकारको नीति र मापदण्ड विपरित कुनै व्यहोराले ढाँटी, छली वा अन्य कुनै तरिकाले मुक्त हलियाको परिचय पत्र लिएको वा वर्ग फरक पारी लिएको वा आफ्नो परिवार भित्रका सदस्यहरुको नाममा जग्गा दर्ता गरेको भनी जिल्ला समितिहरुबाट सिफारिस भै आएमा त्यस्तो परिचय पत्रबाट पाएको सम्पूर्ण सुविधा बदर गर्न जिल्ला समितिलाई निर्देशन दिने ।

(घ) मुक्त हलिया पुनःस्थापन तथा बृत्ति विकास कार्यक्रम सम्बन्धमा नेपाल सरकारबाट प्राप्त नीति, निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ङ) मुक्त हलिया पुनःस्थापनको लागि जिल्ला समितिहरुको काम कारवाहीमा प्रभावकारीता ल्याउन निरीक्षण, अनुगमन तथा समन्वय गर्ने र पर्न आएका वाधा, अड्काउ फुकाउन आवश्यक निर्देशन दिने ।

(च) मुक्त हलिया पुनःस्थापन सम्बन्धमा समितिले आवश्यक ठानेका विषयमा निर्देशन दिने ।

७. **समितिको बैठक** (१) समितिको बैठक आवश्यकता अनुसार समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको लागि सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) समितिको बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समन्वय समितिको गठन** : मुक्त हलिया रहेका जिल्लाहरुमा मुक्त हलिया पुन:स्थापन तथा बृत्ति विकासका कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्न, परी आएका समस्याहरुको समाधान गर्न, प्रभावकारी रुपमा अनुगमन गर्न, समितिको निर्णय कार्यान्वयन गर्न र अन्य आवश्यक कार्यहरु सम्पादन गर्न गराउनका लागि देहायका पदाधिकारी रहेको एक समन्वय समिति रहनेछः-

(क) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (भूमि व्यवस्थापन महाशाखा) - संयोजक

(ख) उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(ग) उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(घ) उपसचिव, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) उपसचिव, गृह मन्त्रालय -सदस्य

(च) उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(छ) उपसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ज) उपसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

(झ) उपसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (भूमिसुधार तथा बसोबास व्यवस्थापन शाखा) - सदस्य-सचिव

९. **मुक्त हलिया पुनःस्थापन जिल्ला समितिको गठन:** (१) समितिको कार्यक्षेत्र भित्रका प्रत्येक जिल्लामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी मुक्त हलिया पुनःस्थापन जिल्ला समितिको गठन गरिनेछ:

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी -सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(घ) प्रमुख, नापी कार्यालय -सदस्य

(ङ) प्रमुख, जिल्ला वन कार्यालय -सदस्य

(च) प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय -सदस्य

(छ) प्रमुख, जिल्ला कृषि विकास कार्यालय -सदस्य

(ज) प्रमुख, जिल्ला शिक्षा कार्यालय -सदस्य

(झ) प्रमुख, श्रम कार्यालय -सदस्य

(ञ) प्रमुख, घरेलु तथा साना उद्योग विकास समिति/कार्यालय -सदस्य

(ट) प्रमुख, जन-स्वास्थ्य कार्यालय -सदस्य

(ठ) प्रमुख, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम केन्द्र -सदस्य

(ड) मुक्त हलिया मध्येबाट संयोजकले तोकेको एक महिला सहित प्रतिनिधी २ जना -सदस्य

(ढ) प्रमुख, भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय -सदस्य-सचिव

(२) जिल्ला समितिले आवश्यकता अनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला समितिमा बहुमतको राय मान्य हुनेछ । मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

१०. **जिल्ला समितिको काम, कर्तव्य र अधिकार:** (१) जिल्ला समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) मन्त्रालयबाट प्राप्त लगत वमोजिम प्रमाणिकरण गर्न छुट भएका मुक्त हलियालाई प्रमाण सहित निवेदन दिएमा जिल्ला समितिले विस्तृत छानविन गरी लगत प्रमाणिकरण गर्ने ।

(ख) कुनै व्यक्ति वा परिवारले न्यायिक तथा अर्धन्यायिक निकायहरुबाट भएको फैसला बमोजिम प्रमाण सहित आफू मुक्त हलिया भएको भनी दावी गर्न आएमा त्यस्ता मुक्त हलिया परिवारहरुलाई प्रमाणिकरणको दायरामा ल्याउने ।

(ग) प्रमाणिकरण भएका मुक्त हलिया परिवारहरुलाई कार्यविधि वमोजिम बर्गीकरण सहितको परिचय पत्र प्रदान गर्ने ।

(घ) अन्य निकायबाट सम्पादन हुने कार्यमा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

(ङ) जिल्लामा भएका कार्यहरुको प्रगति विवरण मासिक रुपमा मन्त्रालयमा पठाउने ।

(च) सम्पर्कमा नआउने पुनःस्थापनको लगतमा रहेका मुक्त हलियाहरुको नाम लगतबाट हटाउने सम्बन्धमा देहाय बमोजिम गर्नेः-

१. जग्गा खरिद अनुदान, निर्माण खर्च वा घर मर्मत वापतको रकम लिन अन्तिम पटक पैतीस दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्ने,

२. उपखण्ड (१) बमोजिम प्रकाशित गरिएको अवधिभित्र पनि भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयमा सम्पर्क नगर्ने मुक्त हलियाहरुको विवरण छानविन गरी लगतबाट हटाउने निर्णय गर्ने,

३. उपखण्ड (२) बमोजिम भएको निर्णय कार्यान्वयन गर्न लगाई सो को जानकारी समितिलाई गराउने ।

(२) जिल्लामा रहेका परिचयपत्र प्राप्त मुक्त हलियाहरुका लागि कुनै पनि कार्यक्रम सञ्चालन गर्दा जिल्ला समितिको समन्वयमा गर्नु पर्नेछ ।

(३) जिल्लामा यस सम्वन्धी हुने सम्पूर्ण कार्यको जिम्मेवारी जिल्ला समितिको हुनेछ।

**११. पुनःस्थापन कोषः** (१) मुक्त हलिया परिवारको आर्थिक अवस्था सुधार गर्नका लागि पुनःस्थापन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकारले उपलब्ध गराएको रकम,

(ख) विदेशी दातृ निकाय, व्यक्ति, संघ संस्था वा अन्य श्रोतबाट नेपाल सरकार मार्फत प्राप्त हुने रकम,

(३) कोषमा जम्मा भएको रकम कुनै बैंकमा खाता खोली राखिनेछ ।

(४) कोषमा जम्मा भएको रकम तालीमबाट प्राप्त सीपको प्रयोग गर्न ऋण प्रवाह गरी मुक्त हलिया परिवारको आर्थिक अवस्था सुधार गर्ने कार्यमा मात्र प्रयोग गरिनेछ ।

(५) कोषको सञ्चालन कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

(६) कोषको लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. पुनःस्थापन तथा बृत्ति विकास सम्वन्धी व्यवस्थाः** मुक्त हलियाको पुनःस्थापन (जग्गा दिने, जग्गा खरिद अनुदान, घर निर्माण अनुदान, घर मर्मत सम्भार खर्च र जग्गा दर्ता) र बृत्तिविकास कार्यक्रम (तालीम, शिक्षा तथा स्वास्थ्य सम्वन्धी व्यवस्था) नेपाल सरकारवाट स्वीकृत कार्ययोजना बमोजिम सञ्चालन हुनेछ ।

१३. **सरोकारवाला मन्त्रालयको जिम्मेवारी**: (१) नेपाल सरकारवाट स्वीकृत कार्ययोजना वमोजिम कार्यक्रम वनाउने, बजेट व्यवस्था गर्ने र कार्यक्रम सञ्चालन गर्ने लगायतका समग्र कार्य तत् तत् मन्त्रालय वा निकायले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी पाएको निकायले सम्बन्धित जिल्ला समितिको सिफारिसमा प्रस्तुत कार्य सम्पादन गर्नु पर्नेछ ।

१४. **अधिकार प्रत्यायोजन**: (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको अधिकार जिल्ला समितिलाई प्रत्यायोजन गरिएको छः-

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ३ख.,४,६, ७, ८, ८क., १० र ११ का अधिकारहरु ।

(ख) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ९, १२, १३, १४, १५, १६, १७, १८, २०, २२, २३ का अधिकारहरु।

(ग) मालपोत ऐन, २०३४ को दफा ६, ८, ८क., २४, २५ र २६ का अधिकारहरु ।

(घ) मालपोत नियमावली, २०३६को नियम ३, ४, ४क, ५क, ५ख, ५घ, र २२क का अधिकारहरु ।

(ङ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१ को अधिकारहरु ।

(च) भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६ र २३ का अधिकारहरु ।

१५. **बजेट सम्बन्धी व्यवस्था**: मुक्त हलिया पुन:स्थापनका लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले समयमा नै उपलब्ध गराउनेछ ।

१६. **कर्मचारी सम्बन्धी व्यवस्था**:केन्द्र तथा जिल्ला समितिका लागि आवश्यक पर्ने स्थायी एवं अस्थायी कर्मचारीको व्यवस्था मन्त्रालयले मिलाउनेछ ।

१७. **भत्ता तथा अन्य सुविधा**: (१) केन्द्र तथा जिल्ला समिति तथा विज्ञ सदस्यले बैठकमा भाग लिए वापत प्रति बैठक भत्ता प्रचलित नियमानुसार पाउनेछ ।

सदस्यहरुले समितिको कामको सिलसिलामा भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता र होटलवास खर्च केन्द्रीय तहमा प्रथम तह र जिल्ला तहमा द्वितीय तहले पाए सरह पाउनेछ ।

(२) समितिको काममा खटिने निजामती कर्मचारीले आफ्नो पदको सुरु तलब स्केलको पच्चिस प्रतिशत थप सुविधा पाउनेछ ।

१८. **निर्णय कार्यान्वयन तथा कागजपत्र प्रमाणित:** (१) केन्द्रीय र जिल्ला समितिको बैठकमा भएका निर्णयहरु अध्यक्ष/संयोजक र सदस्य–सचिवले प्रमाणित गर्नेछ र त्यस्ता निर्णयको कार्यान्वयन गराउनु सदस्य-सचिवको कर्तब्य हुनेछ

(२) जिल्ला समितिको निर्णयानुसार तयार भएका नक्सा, जग्गा धनी दर्ता श्रेस्ता तथा फिल्डवुक अन्य कागजात प्रमाणित गर्ने कार्य जिल्ला समितिको सदस्य–सचिवको हुनेछ ।

(३) जिल्ला समितिको निर्णय कार्यान्वयनका लागि उपदफा (२) बमोजिम प्रमाणित भएका कागजात सम्बन्धित भूमिसुधार तथा मालपोत/मालपोत तथा नापी कार्यालयमा पठाउनु पर्नेछ । सो कागजात प्राप्त भए पछि भूमिसुधार तथा मालपोत/मालपोत तथा नापी कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

१९. **कार्यावधि:** यस आदेश बमोजिम स्थापना गरिएको केन्द्रीय तथा जिल्ला समितिको कार्यावधि संवत् २०७६ साल[१][२][३] आषाढ मसान्तसम्मको हुनेछ ।

२०. **नेपाल सरकारसँगको सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. **बाधा, अड्काउ फुकाउने अधिकार:** यो आदेश कार्यान्वयन गर्दा कुनै बाधा, अड्काउ परेमा मन्त्रालयले फुकाउनेछ ।

---

१ पहिलो संशोधन २०७३ द्वारा संशोधित (साविक २०७३ साल)

२ दोस्रो संशोधन २०७४ द्वारा संशोधित (साविक २०७४ साल)

३ तेस्रो संशोधन २०७५ द्वारा संशोधित

# मुक्त हलिया पुन:स्थापनको ढाँचा र कार्ययोजना, २०७०

**स्वीकृत**

मन्त्रिपरिषद्बाट २०७०।१२।०६

**संशोधन**

पहिलो संशोधन २०७२।०५।१४

**पृष्ठभूमि**

नेपाल सरकार (म.पं.) को मिति २०६५ साल भाद्र २१ गतेको निर्णय अनुसार नेपालको मध्य तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका १२ वटा जिल्लामा रहेका हलियाहरुको मुक्तिको घोषणा पश्चात मुक्त हलियाहरुको पुन:स्थापनका लागि तत्काल कार्य अघि बढाउन आवश्यकता महसुस गरी मिति २०६८।०१।१९ मा केन्द्रमा श्री हरिराम श्रीपाइलीको संयोजकत्वमा केन्द्रीय कार्यदल र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला मुक्त हलिया पुन:स्थापन तथा अनुगमन कार्यदल गठन गरियो । शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट प्राप्त हुन आएको १९,०५९ मुक्त हलिया परिवारको तथ्यांक प्रमाणिकरण गरी चार प्रकारका परिचयपत्र वितरण गर्ने लगायतका कार्य उक्त कार्यदलहरुबाट सुचारु रुपमा सञ्चालन भईरहेका छन् । परिचय पत्र प्राप्त मुक्त हलियाहरुको मानवोचित पुन:स्थापन गर्न सरोकारवाला तथा सम्बद्ध निकायहरु, विशेषज्ञहरुको राय सल्लाह तथा कार्यशालाबाट प्राप्त हुन आएका सुझावहरुका आधारमा यो मुक्त हलिया पुन:स्थापन सम्बन्धी ढांचा र कार्ययोजना तयार गरिएको छ ।

१. **दुरदृष्टि (Vision):**

मुक्त हलियाहरुलाई आधारभूत जीवनयापनको लागि सक्षम बनाउने।

२. **परिदृश्य (Mission) :**

उचित बसोबासको व्यवस्था, शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच तथा सीपमूलक एवं आयमूलक तालीम कार्यक्रमको माध्यमबाट मुक्त हलियाहरुलाई सशक्तिकरण तथा समावेशीकरण गर्ने।

३. **उद्देश्य (Objective) :** प्रस्तुत ढांचा र कार्ययोजनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

३.१ शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट प्राप्त लगत प्रमाणिकरण गरी वर्गीकरण सहितको परिचयपत्र वितरण गर्ने ।

३.२ सुरक्षित बसोबास सुनिश्चत गर्न टेवा पु¥याउने ।

३.३ आर्थिक अवस्थामा सुधार ल्याउन टेवा पु¥याउने ।

३.४ शिक्षा एवं स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्दै सामाजिक अवस्थामा सुधार ल्याउन टेवा पु¥याउने ।

३.५ सशक्तिकरण र सामाजिक समावेशिकरणको माध्यमबाट विद्यमान जातीय र लैंगिक विभेदको अन्त्य गर्न टेवा पु¥याउने ।

४. **रणनीति तथा कार्यनीतिहरु**

**उद्देश्य नं. ३.१ "मुक्त हलिया परिवारको प्रमाणिकरण गरी परिचय पत्र वितरण गर्न" देहाय बमोजिमको रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ :**

४.१.१ प्राप्त लगत र विवरण बमोजिमका मुक्त हलियाको प्रमाणिकरण गरिनेछ ।

४.१.२ कुनै व्यक्ति वा परिवारले न्यायिक तथा अर्धन्यायिक निकायबाट भएको फैसला बमोजिम आफू मुक्त हलिया भएको प्रमाण सहित आएमा त्यस्ता हलिया परिवारहरुलाई प्रमाणिकरणको दायरामा ल्याइनेछ ।

४.१.३ प्रमाणिकरण भएका हलिया परिवारहरुलाई देहाय बमोजिम परिचयपत्र प्रदान गरिनेछः-

| सि.नं. | आर्थिक स्थितिको विवरण | वर्ग | परिचयपत्रमा लगाईने स्टीकरको रङ्ग |
|---|---|---|---|
| १ | आफ्नो स्वामित्वमा घरजग्गा दुवै नभएको | क | रातो |
| २ | आफ्नो घर भएको जग्गा नभएको | ख | खैरो |
| ३ | आफ्नो जग्गा भएको घर नभएको | ग | हरियो |
| ४ | आफ्नो स्वामित्वमा घरजग्गा दुवै भएको | घ | सेतो |

**उद्देश्य नं. ३.२ "सुरक्षित बसोबास सुनिश्चित गर्न" देहाय बमोजिमको रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछः**

४.२.१ "क" वर्गका मुक्त हलिया परिवारहरुलाई बसोबासका लागि हिमाली/पहाडी क्षेत्रको हकमा ३ रोपनी सम्म र तराई क्षेत्रको हकमा २ कट्ठासम्म जग्गा उपलब्ध गराइनेछ । तर जग्गा उपलब्ध हुन नसकेमा बसोबासका लागि जग्गा खरिद गर्न अनुदान वापत रु. दुइ लाख[४] उपलब्ध गराइनेछ ।

४.२.२ "क" र "ग" वर्गका मुक्त हलिया परिवारहरुलाई घर निर्माणको लागि स्थानीय स्रोत, साधन र सम्भव भए सम्म हलियाको सीपलाई उपयोग गर्ने गरी घर

[४] पहिलो संशोधन, २०७२ वाट संशोधित (साविक १ लाख ५० हजार)

निर्माणको लागि हिमाली/पहाडी क्षेत्रको हकमा प्रति परिवार रु. ३ लाख २५ हजार र तराई क्षेत्रको हकमा रु. २ लाख २५ हजार[५] निर्माण प्रगतिका आधारमा किस्तावन्दीमा उपलब्ध गराइनेछ । त्यसैगरी “ख” र “घ” वर्गका मुक्त हलिया परिवारहरुलाई घरको अवस्था हेरी जिल्ला समितिको सिफारिसको आधारमा घर मर्मत सम्भारका लागि वढीमा रु. १ लाख २५ हजार[६] सम्म किस्तावन्दीमा उपलब्ध गराईनेछ ।

४.२.३ नेपाल सरकारबाट मुक्त घोषणा भए पछि कम्तिमा ५ वर्षदेखी ऐलानी, पर्ति (वन जंगल क्षेत्रको जग्गा वाहेक) जग्गामा घर बनाई बसेका “ख” वर्गका मुक्त हलिया परिवारहरुलाई ४.२.१ मा तोकिएको सीमामा नबढ्ने गरी दर्ता गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ । यसरी सो जग्गा निजका नाममा दर्ता हुन नसकेमा त्यस्ता मुक्त हलिया परिवारहरुलाई पनि ४.२.१ र ४.२.२ वमोजिमको सुविधा प्रदान गरिनेछ ।

४.२.४ “क” वर्गका मुक्त हलिया परिवारहरुको पुन:स्थापनको सम्बन्धमा सम्भव भएसम्म निजहरुले बसोबास गरेको स्थानमा वा सो सम्भव नभए उपयुक्त स्थानमा सामुहिक मुक्त हलिया आवास योजना सञ्चालन गरी निजहरुलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईने

५ पहिलो संशोधन, २०७२ वाट संशोधित (साविक हिमाली/पहाडी क्षेत्रको हकमा प्रति परिवार रु. ३ लाख र तराई क्षेत्रको हकमा रु. २ लाख)

६ पहिलो संशोधन, २०७२ वाट संशोधित घर मर्मत सम्भारका लागि वढीमा रु. १ लाख

छ । तर यसरी पुनःस्थापन गरिएका परिवारलाई ४.२.१ र ४.२.२ बमोजिम सुबिधा दिइने छैन ।

४.२.५ मुक्त हलियाले उपयोग गरिरहेको जग्गा निजकै नामममा दर्ता गर्दा वा अनुदान रकमबाट जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर मुक्त हलियाका लागि छुट गर्ने ।[७]

४.२.६ मुक्त हलिया परिवारलाई अनुदान रकमवाट जग्गा उपलब्ध गराउँदा तयार गर्नुपर्ने लिखत खर्च वापतको रकम प्रति लिखत रु ५००।– उपलब्ध गराउने ।[८]

**उद्देश्य नं. ३.३: "आर्थिक अवस्थामा सुधार ल्याउन" देहाय बमोजिमको रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछः**

४.३.१ कृषि पेशा वा ब्यवसाय गर्न चाहने मुक्त हलियाको आवश्यकता अनुसार जग्गा उपलब्ध भएमा मुक्त हलियाको समूहलाई सरकारले लीजमा जग्गा उपलब्ध गराउने छ । साथै आधुनिक कृषि, मौसमी तथा बेमौसमी तरकारी खेति, फलफुल खेति, जडिबुटि खेति जस्ता कार्य गर्न तालीम तथा प्राविधिक सहयोग उपलब्ध गराइने तथा बजारीकरणका लागि सहजीकरण गरिनेछ ।

४.३.२ मुक्त हलिया परिवारलाई ब्यवसायमूलक शिक्षा (अनमी, सीएमए, जेटिए, अहेव, होटेल व्यवस्थापन, आदि), सीपमूलक तथा आयमूलक तालीम (कुक, वेकरी, सुरक्षा गार्ड, ड्राइभिङ्, वाईरिङ, प्लम्बिङ,

---

[७] पहिलो संशोधन, २०७२ वाट थप

[८] पहिलो संशोधन, २०७२ वाट थप

मोवाईल मर्मत, इलेक्ट्रीकल, बाँस, छाला, काठजन्य उद्योग आदि) र निजहरुको मागको आधारमा अन्य तालीम सञ्चालन गरी स्वरोजगारीको लागि प्रोत्साहित गरिनेछ । यसरी तालीम प्राप्त मध्येबाट उत्कृष्ट र उपयुक्त ठहरिएका र बैदेशीक रोजगारीमा जान चाहने इच्छुक मुक्त हलियाहरुलाई वैदेशिक रोजगारीमा जानको लागि राहदानी शुल्क र अन्य खर्च गरी एकमुष्ठ १० हजार उपलब्ध गराइने छ ।

४.३.३ लघु उद्यम प्रबर्द्धन कार्यक्रम अन्तर्गत मुक्त हलियाले सीप प्राप्त गरेको क्षेत्रमा स्वरोजगार हुन सो सम्बन्धी ब्यापार ब्यवसाय गर्न चाहेमा परियोजना हेरी पुनःस्थापन कोषबाट सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ ।

४.३.४ मुक्त हलिया परिवारबाट बैदेशिक रोजगारीमा जान चाहनेहरुको लागि आवश्यक सीप र तालीम उपलब्ध गराई सम्बन्धित निकायहरुको समन्वयमा आर्थिक तथा प्राविधिक सहुलियत उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

४.३.५ मुक्त हलियाहरुलाई सहकारी संस्था स्थापना गर्न सहजीकरण गरिनेछ ।

४.३.६ लोपोन्मुख परम्परागत सीपहरुलाई आधुनिकीकरण गर्न प्रोत्सहित गरिनेछ ।

४.३.७ स्थानीय निकायहरु मार्फत सामाजिक तथा आर्थिक रुपमा पिछडिएको वर्गको लागि छुटयाइने कार्यक्रम तथा बजेटमा उक्त समूह भित्र मुक्त हलियाहरुलाई समावेश गर्न हलियाहरुको पहुँच अभिबृद्धि गरिनेछ ।

**उद्देश्य नं. ३.४ "शिक्षा एवं स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्दै सामाजिक अवस्थामा सुधार ल्याउन" देहाय बमोजिमको रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछः**

४.४.१ मुक्त हलिया परिवारहरुलाई साक्षर तुल्याउन तथा शिक्षामा बालबालिकाहरुको पहुंच बढाउन छात्रबृत्ति र अन्य विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४.४.२ बढीमा स्नातक तहसम्मको उच्च शिक्षा (प्राविधिक, व्यवसायिक र साधारण) मा विद्यार्थीहरुको पहुँच बढाउन प्रोत्साहित गरिनेछ ।

४.४.३ राष्ट्रियस्तरका औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनमा मुक्त हलियाहरुलाई प्रोत्साहित गरिनेछ ।

४.४.४ स्वास्थ्य सेवामा पहुंच बृद्धि गर्न विशेष कार्यक्रम (मातृशिशु, कुपोषण, HIV and AIDS, पाठेघर खस्ने रोगको उपचार, परिवार नियोजन आदि) सञ्चालन गरिनेछ ।

४.४.५ लक्षित वर्गबाट स्वास्थ्य स्वंसेविकाको उत्पादन र व्यवस्थापन गरिनेछ ।

४.४.६ लक्षित वर्गका मुटुरोग, मृगौला सम्बन्धी र अर्वुद रोग आदि जस्ता जटिल प्रकारका रोग भएका विरामीहरुको लागि विपन्न परिवारका विरामीहरुलाई दिए सरहको सहुलियत दरमा उपचारको व्यवस्था गरिनेछ ।

४.४.७ अपाङ्गता भएका मुक्त हलिया र निजका परिवारहरुलाई राज्यवाट प्रदान गरिने सुविधाहरुमा विशेष प्राथमिकता दिईनेछ ।

**उद्देश्य नं. ३.५ "सशक्तिकरण र सामाजिक समावेशीकरणको माध्यमवाट विद्यमान जातीय र लैंगिक विभेदको अन्त्य गर्न" देहाय बमोजिमको रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछः**

४.५.१ स्थानीय स्तरमा गठन हुने विभिन्न समिति, उपभोक्ता समितिमा मुक्त हलियाको सहभागिताका लागि प्रोत्साहित गरिनेछ ।

४.५.२ दलितहरु माथि हुने विभिन्न प्रकारका छुवाछुत एवम् भेदभावको अन्त्य र सार्वजनिक स्थल उपभोगको सुनिश्चितताको लागि समाजका गैरहलिया समुदायसंग समन्वय र सहकार्यका कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५.३ मुक्त हलिया परिवारका महिलाहरुलाई सामाजिक क्षेत्रमा सहभागिता बृद्धिको लागि सचेतना अभियान सञ्चालन गरिनेछ ।

५. **पुनःस्थापनको संस्थागत संरचना सम्बन्धी व्यवस्थाः** मुक्त हलियाको लगत प्रमाणिकरण गर्ने, परिचयपत्र वितरण र पुनःस्थापनमा संलग्न विभिन्न सरकारी निकायहरु, दातृ संस्थाहरु लगायत समष्टिगत रुपमा पुनःस्थापनको कार्यक्रमहरुको कार्यान्वयन र समन्वय गर्ने लगायतका कार्य गर्नका लागि आवश्यक पर्ने संरचना सम्बन्धमा यथोचित कानूनी व्यवस्था गरिनेछ ।

कार्ययोजना

## ६.१ मुक्त हलिया परिवारको प्रमाणिकरण गरी परिचयपत्र वितरण गर्नेः

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकायहरु | | समयावधि | | | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | | |
| १ | मुक्त हलियाहरुको प्रमाणिकरण गरी परिचयपत्र वितरण गर्ने | मुक्त हलिया पुन:स्थापन जिल्ला समिति | जि.वि.स.,न.पा., गा.वि.स. | √ | दोश्रो चौमासिक भित्र | | ५ लाख | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| २ | प्रमाणिकरण भएका मुक्त हलियाहरुलाई परिचयपत्र वितरण | जिल्लास्तरीय समिति | जि.वि.स.,न.पा., गा.वि.स. | √ | √ | | ५ लाख | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |

## ६.२ सुरक्षित बसोबास सुनिश्चित गर्नेः

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकायहरु | | समयावधि | | | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | २०७०। ७१ | २०७१। ७२ | २०७२। ७३ | | |
| १ | आफ्नो जग्गा नभएका परिवारलाई जग्गा वितरण गर्ने | भमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र शहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | √ | √ | √ | ३० करोड (सरकारी जग्गा उपलब्ध भएको अवस्थामा लागत कमहुने) | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय, प्र.म.तथा मं..प.. को कार्यालय |
| २ | घर निर्माणको लागि आर्थिक सहयोग प्रदान गर्ने :(यस कार्यक्रम अन्तर्गत मुक्त हलिया आवास कार्यक्रम समेत समावेश गर्ने) | शहरी विकास मन्त्रालय | भमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र अर्थमन्त्रालय, जिल्ला समितिहरु | √ | √ | √ | ६० करोड | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | "ख" र "घ" बर्गका मुक्त हलिया परिवारको घरको मर्मत सम्भार गर्ने | शहरी विकास मन्त्रालय | भमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण र अर्थ मन्त्रालय, जिल्ला समितिहरु | √ | √ | √ | बढीमा ४५ करोड | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |
| ४ | ऐलानी, पर्ति जग्गामा बसोबास गरेका परिवारको नाममा सोही जग्गा दर्ता गर्ने | केन्द्रीय समिति, जिल्ला समिति, मालपोत र नापी कार्यालयहरु | स्थानीय निकायहरु जिल्लास्तरीय समितिहरु | √ | √ | √ | ५ लाख | प्र.म. तथा मं.प. को कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |

## ६.३ आर्थिक अवस्थामा सुधार ल्याउनेः

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकायहरु | | समयावधि | | | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | | |
| १ | कृषि पेशा वा ब्यवसाय गर्न चाहने मुक्त हलियाको समूहलाई सरकारले लिजमा जग्गा उपलब्ध गराउने ।(माछा पालनको लागि पोखरी,तरकारी खेतीको लागि वगर, नदी उकास) | भूमि व्यवस्था, सहकारी तथा गरिबीनिवारण, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय निकाय | सम्बन्धित जिल्ला हेर्ने सरकारी कार्यालय | √ | √ | √ | २४ लाख | भूमि व्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |
| २ | सीपमूलक, आयमूलक(कृषिजन्य समेत) का लागि उपयुक्त हुने तालीम सञ्चालन गर्ने | श्रम रोजगार तथा सामाजिक सुरक्षा, कृषि तथा पशुपन्छी विकास र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित क्षेत्र हेर्ने सरकारी कार्यालय | √ | √ | √ | ८ करोड | समिति, , भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मुक्त हलिया परिवारको उत्पादनलाई वजारमा पु-याउन सहजीकरण गर्ने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सम्बन्धित जिल्ला हेर्ने सरकारी कार्यालय | √ | √ | √ | १२ लाख | केन्द्रीय समिति, भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |
| ४ | आय आर्जन कोष मार्फत लघु उद्यमका लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउने | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय | अर्थ मन्त्रालय विभिन्न विभिन्न दातृ निकाय, जिल्ला समिति | √ | √ | √ | ३६ लाख | अर्थ मन्त्रालय, रा..यो..आ. |
| ५ | बैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि आर्थिक तथा प्राविधिक सहुलियत उपलब्ध गराउन सहजीकरण गर्ने | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | जिल्लास्तरीय समिति, केन्द्रीय समिति, बैदशिक रोजगार विभाग | √ | √ | √ | ५० लाख | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ६ | (लोपोन्मुख) परम्परागत सीपहरुलाई आधुनिकिकरण गर्न प्रोत्साहन गर्ने | उद्योग, बाणिज्य तथा आपूर्ति, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | जिल्लास्तरीय समिति | √ | √ | √ | १ करोड | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण, श्रम रोजगार तथा सामाजिक सुरक्षा, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ७ | स्थानीय निकायहरु मार्फत सामाजिक तथा आर्थिक रुपमा पिछडिएको वर्गको लागि छुट्याइने कार्यक्रम तथा बजेटमा उक्त समूह भित्र मुक्त हलियालाई समावेश गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय निकायहरु | | | | निरन्तर बजेट | संघीय मामिला तथा सामान्य प्रशासन, भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |

## ६.४ शिक्षा एवं स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्दै सामाजिक अवस्थामा सुधार ल्याउनेः

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकायहरु | | समयावधि | | | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | | |
| १ | मुक्त हलिया साक्षरता कार्यक्रम, बालबालिकाहरुलाई विद्यालयमा भर्ना निरन्तरता तथा छात्रबृत्ति सञ्चालन गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, | महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, मुक्त हलिया जिल्ला स्तरीय समिति | √ | √ | √ | नियमित बजेटबाटै | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २ | आधारभूत प्राविधिक र ब्यवसायमूलक शिक्षा प्रदान गर्ने | उद्योग, श्रम, शिक्षा मन्त्रालय | जिल्ला स्तरीय समिति | √ | √ | √ | ४ करोड | शिक्षा, उद्योग, श्रम, कृषि मन्त्रालय |
| ३ | मुक्त हलिया परिवारका सन्तानलाई उच्च शिक्षा (बढीमा स्नातक तह सम्म) को लागि छात्रवृत्तिको कोटा निर्धारण गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय | √ | √ | √ | नियमित बजेटबाटै | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्रालय |
| ४ | स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जिल्ला स्थित स्वास्थ्य संस्थाहरु | √ | √ | √ | नियमित बजेटबाटै | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ५ | लक्ष्यित वर्गकै स्वास्थ्य स्वयंसेविका उत्पादन गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जिल्लास्थित स्वास्थ्य संस्थाहरु | √ | √ | √ | नियमित बजेटबाटै | भूमिव्यवस्था, सहकारी तथा गरिबीनिवारण, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | लक्षित वर्गकै मुटुरोग, मृगौला र अर्वुदरोग जस्ता जटील रोगको निशुल्क उपचार गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जिल्लास्थित स्वास्थ्य संस्थाहरु | √ | √ | √ | नियमित बजेटबाटै | भूमिव्यवस्था, स. तथा ग.नि., स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ७ | अपाङ्गता भएका मुक्त हलिया परिवारलाई सुविधा प्रदान गर्दा प्राथमिकता दिने | स्वास्थ्य तथा जनसंख्या, संघीय मा. तथा सा. प्र., श्रम रो. तथा सा. सु., महिला वा. तथा जे. ना. मन्त्रालय | जिल्लास्थित स्वास्थ्य संस्थाहरु र निकायहरु | √ | √ | √ | नियमित बजेटबाटै | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रा.यो.आ., भूमि व्यवस्था, स. तथा ग.नि. र स्वा. तथा ज. मन्त्रालय |

### ६.५ सशक्तिकरण र सामाजिक समावेशीकरणको माध्यमबाट विद्यमान जातीय र लैङ्गीक विभेदको अन्त्य गर्नेः

| क्र. सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकायहरु | | समयावधि | | | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | | |
| १ | स्थानीय स्तरमा गठन हुने विभिन्न समिति, उपभोक्ता समितिमा मुक्त हलियाको सहभागिता सुनिश्चित गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | √ | √ | √ | नियमित बजेट | संघीय मामिला तथा सामान्य प्रशासन,, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| २ | छुवाछुत तथा भेदभावपूर्ण ब्यवहार न्यूनीकरण गर्ने सचेतना कार्यक्रम सञ्चालन गर्ने | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जिल्ला समिति | √ | √ | √ | नियमित बजेट तथा कार्यक्रम बाट | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मुक्त हलिया परिवारको महिलाहरुलाई आर्थिक सामाजिक क्षेत्रमा सशक्तिकरणका लागि महिला विकास कार्यक्रममा प्राथमिकता दिने । | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | जिल्लास्तरीय समिति तथा स्थानीय निकायहरु | √ | √ | √ | नियमित बजेट तथा कार्यक्रम बाट | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| ४ | गैर हलिया समुदायसंग समन्वय र सहकार्यका कार्यक्रम सञ्चालन गर्ने | भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, जिल्ला समिति | √ | √ | √ | नियमित बजेट तथा कार्यक्रम बाट | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |

# मुक्त हलियालाई जग्गा खरिद तथा दर्ता र घर निर्माण तथा मर्मत सम्बन्धी अनुदान उपलव्ध गराउने कार्यविधि, २०७२

**<u>स्वीकृति</u>**
नेपाल सरकार (मन्त्रिस्तर) बाट २०७१।०१।२८

**<u>प्रस्तावनाः</u>**

मध्यपश्चिमाञ्चल विकास क्षेत्रका सुर्खेत, जाजरकोट र हुम्ला जिल्ला तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, डोटी, अछाम, बझाङ्ग, वाजुरा र दार्चुला जिल्लाहरुमा रहेका मुक्त हलियाहरुको पुनःस्थापनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७०।१२।०७ मा "मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना" स्वीकृत भएको र उक्त गठन आदेश र कार्ययोजना अनुसार मुक्त हलियाहरुलाई जग्गा खरिद गर्न, जग्गा दर्ता गर्न, घर निर्माण गर्न र घर मर्मत गर्न अनुदान उपलब्ध गराउन पर्ने भएको र सो कार्य एकरुपताका साथ सम्पन्न गर्नका लागि नेपाल सरकारबाट स्वीकृत गठन आदेश, २०७० को दफा ६ को देहाय (ख) र दफा २१ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देहायको "मुक्त हलियालाई जग्गा खरिद तथा दर्ता र घर निर्माण तथा मर्मत सम्बन्धी अनुदान उपलव्ध गराउने कार्यविधि, २०७२" जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुक्त हलियालाई जग्गा खरिद तथा दर्ता र घर निर्माण तथा मर्मत सम्बन्धी अनुदान उपलव्ध गराउने कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद-२
## जग्गा खरिद सम्बन्धी व्यवस्था

२. **जग्गा खरिद गरी मुक्त हलियाहरुलाई जग्गा उपलब्ध गराउने सम्बन्धी ब्यवस्थाः** (१) मुक्त हलिया परिवारले जग्गा पहिचान गर्न र आफु वसेको वडा, गा.पा./न.पा. वा आफुलाई पायक पर्ने गरी रोजेको स्थानमा तोकिएको अनुदान रकमले खामेसम्मको क्षेत्रफल जग्गा खरिद गर्न पाउनेछ ।

(२) मुक्त हलियाले यस्तो जग्गा खरिद गर्न अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) कार्यालयमा यस्तो निवेदन दर्ता भए पछि निजले अनुसूची-२ बमोजिमको सम्झौतापत्र पेश गर्नु पर्नेछ र अनुसूची-२ मा उल्लेखित निजले रोजेको जग्गा बसोबासको लागि उपयुक्त छ छैन भन्ने समेतका ब्यहोरा बुझी भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय (यस पछि कार्यालय मात्र भनिएको छ) का तर्फबाट स्थलगत निरीक्षण सहितको प्रतिवेदन लिनु पर्नेछ ।

(४) स्थलगत निरीक्षण गर्दा मुक्त हलियाले खरिद गर्न खोजेको जग्गामा सकभर यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, रोजगारी र आय आर्जनका अवसरहरुको पहूंच हुने स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) यस्तो प्रतिवेदन प्राप्त भए पछि मुक्त हलियाले खरिद गर्न खोजेको जग्गा उपयुक्त देखिए जग्गा खरिद प्रक्रिया अगाडि वढाई जग्गा

धनीलाई जग्गा खरिद वापतको रकम र मुक्त हलियालाई जग्गा धनि प्रमाणपूर्जा उपलब्ध गराउने समेतका निर्णयका लागि मुक्त हलिया पुनःस्थापन जिल्ला समितिमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम निर्णय भई जग्गा धनि प्रमाणपूर्जा उपलब्ध गराउँदा मुक्त हलियाको पति पत्नी भए संयुक्त नाममा र एकल महिला वा पुरुष भए सोही बमोजिम जग्गा धनि दर्ता श्रेष्ता र जग्गाधनी प्रमाणपूर्जा तयार गरी सम्बन्धित हलिया परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) मुक्त हलियालाई जग्गा उपलब्ध गराउने जग्गा धनीलाई सम्बन्धित कार्यालयले चेकवाट रकम भुक्तानी दिनुपर्नेछ ।

## परिच्छेद-३
## घर मर्मत सम्बन्धी

३. **घर मर्मत सम्वन्धी व्यवस्थाः** (१) मुक्त हलिया परिवारले आफू वसेको घर मर्मत गरी पाउँ भनी सम्बन्धित गाँउपालिका/नगरपालिकाको सिफारिस सहित अनुसूची-३ बमोजिमको फाराम भरी कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ।

(२) यस्तो निवेदन दर्ता भए पछि कार्यालयले प्राविधिक खटाई त्यस्तो घर निरीक्षण एवं जाँचवुझ गरी लागत अनुमान सहितको प्राविधिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) कार्यालयले यस्तो प्रतिवेदनको छानविन गरी घर मर्मत अनुदानको लागि निर्णयार्थ समितिमा पेश गर्नु पर्नेछ ।

(४) समितिले प्राप्त प्रतिवेदनका आधारमा आवश्यकता र औचित्य हेरी मुक्त हलिया पुनःस्थापन समस्या समिति गठन आदेश, २०७० मा निर्धारित सीमा भित्र रही घर मर्मत रकम निर्धारण गर्नु पर्नेछ ।

(५) मर्मत खर्च अनुदान रकम दुई किस्तामा उपलब्ध गराउनुपर्नेछ । पहिलो किस्तामा निर्धारित मर्मत रकमको सत्तरी प्रतिशत र कार्य प्रगतिको आधारमा वाँकी रकम उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-४

## घर निर्माण सम्बन्धी

४. **घर निर्माण सम्वन्धी व्यवस्थाः** (१) मुक्त हलिया परिवारले जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि र सम्बन्धित गाँउपालिका/नगरपालिकाको सिफारिस सहित अनूसुची-४ बमोजिमको फाराम भरी कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ।

(२) यस्तो निवेदन दर्ता भए पछि कार्यालयले प्राविधिक खटाई त्यस्तो जग्गाको निरीक्षण गरी घर निर्माणको लागि लागत अनुमान सहितको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(३) यस्तो प्रतिवेदन प्राप्त भए पछि सोको छानविन गरी घर निर्माण अनुदानको रकम प्रदान गर्न निर्णयार्थ जिल्ला समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) मुक्त हलिया परिवारका लागि बन्ने घरको नमूना जिल्ला समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) समितिले प्राप्त प्राविधिक प्रतिवेदन समेतका आधारमा तोकिएको रकम सम्बन्धित मुक्त हलियालाई उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम रकम उपलब्ध गराउँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) यस्तो रकम दुई किस्तामा उपलब्ध गराउनुपर्ने,

(ख) पहिलो किस्ता सत्तरी प्रतिशत र दोस्रो किस्ता तीस प्रतिशत उपलब्ध गराउने।

(७) यस्तो निर्माण कार्य सम्पन्न भए पछि सम्बन्धित गाँउपालिका/नगरपालिका बाट निर्माण सम्पन्न प्रतिवेदन लिई कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) घर निर्माण कार्य सम्पन्न प्रतिवेदनको आधारमा समितिले त्यस्तो निर्माण सम्पन्न भएको विषयको अनुमोदन गर्न सक्नेछ ।

## परिच्छेद-५

## भोग गरेको जग्गा दर्ता सम्बन्धी

५. **भोग गरेको जग्गा दर्ता सम्वन्धी व्यवस्थाः** (१) नेपाल सरकारबाट मुक्त घोषणा भए पछि कम्तिमा ५ वर्ष देखि सरकारी, ऐलानी, पर्ति जग्गा (वन जगंल क्षेत्रको वाहेक) मा आफुले घर वास वनाई भोग गरेको भए त्यस्तो जग्गाको कित्ता नं. र क्षेत्रफल उल्लेख गरी अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) निवेदन दर्ता भएपछि कार्यालयले स्थलगत सर्जमीन गर्ने र नापी कार्यालयबाट फिल्डवुक उतार, नक्सा, प्लट रजिष्टर सहित घरजग्गाको प्राविधिक प्रतिवेदन (गा.पा./न.पा., वडा नं., कित्ता नं., क्षेत्रफल, तर्फ, चौहद्दी समेत खुलाई) प्राप्त गर्नुपर्ने र श्रेस्ताको विवरण भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयवाट प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदन र विवरण समितिमा पेश गर्नु पर्नेछ ।

(४) समितिले यस्तो प्रतिवेदन तथा विवरण जाँच बुझ गरी उपयुक्त ठहरिएका जग्गाहरुको देहायका विवरण खुलाई नापी कार्यालयमा कित्ताकाटका लागि लेखि पठाउनु पर्नेछः–

क) मुक्त हलियाको नाम, थर र वतन

ख) मुक्त हलियाको पति/पत्नीको नाम थर

ग) प्राप्त गर्ने जग्गाको कित्ता नं., गा.पा./न.पा. र वडा नं.

घ) नक्शा नं

ङ) क्षेत्रफल र तर्फ समेतका विवरण

(५) नापी कार्यालयबाट उपदफा (४) बमोजिम कित्ताकाट भै आए पछि कार्यालयले निर्णयका लागि समितिमा पेश गर्नु पर्नेछ ।

(६) समितिले पेश भएका कागजातहरुका आधारमा जग्गा दर्ता गर्ने निर्णय गर्न सक्नेछ । जग्गा दर्ता गर्ने निर्णय भएमा श्रेस्ता पूर्जा तयार गर्न

भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(७) समितिले निर्णय गर्दा मुक्त हलियाका पति, पत्नी भए संयुक्त नाममा र एकल महिला वा पुरुष भए सोही वमोजिम जग्गा धनी दर्ता श्रेष्ता र जग्गाधनी प्रमाणपुर्जा तयार गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(८) समितिवाट लेखी आए वमोजिम कार्यालयले श्रेस्ता अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

६. **अभिलेख राख्नु पर्ने:** नेपाल सरकारको नाममा दर्ता भएको जग्गा मुक्त हलियालाई वितरण गरे पछि सो बमोजिम नेपाल सरकारको नाममा रहेको श्रेष्ताको लगत कट्टा गरी फिल्डबुक र प्लट रजिष्टरमा समेत जनाई अद्यावधिक गर्नु पर्नेछ।

७. **प्रतिवेदन पठाउनुपर्ने दायित्वः** मुक्त हलियाको पुनःस्थापनका लागि स्वीकृत कार्यविधि वमोजिम मुक्त हलियालाई जग्गा खरिद, जग्गा दर्ता, घर निर्माण र घर मर्मत सम्बन्धी भए गरेका प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

**अनुसूची - १**

(दफा २ को उपदफा (२) संग सम्बन्धित)

## मुक्त हलियाले पेश गर्ने निवेदनको ढाँचा

मिति:..................

श्रीमान् सदस्य सचिवज्यू,
मुक्त हलिया पुन:स्थापन जिल्ला समितिको कार्यालय,
भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय...................... ।

**फोटो**

विषय: **जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराई पाँउ ।**

म परिचयपत्र प्राप्त मुक्त हलिया परिवारको मूली भएको र हालसम्म नेपाल सरकारबाट पुन:स्थापन वापत कहिं कतै कुनै जग्गा प्राप्त नगरेको हुनाले नेपाल सरकारद्वारा स्वीकृत गठन आदेश, २०७० र कार्ययोजना बमोजिम भूमिहीन मुक्त हलियाहरूलाई जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहे बमोजिम मैले पनि उक्त कार्यक्रम अन्तर्गत जग्गा खरिद गर्न चाहेको हुँदा तपसिल बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । अनुदान रकम उपलब्ध गराई जग्गा खरिद गर्ने/गराउने आवश्यक व्यवस्था हुन अनुरोध गर्दछु । झुट्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

**खरिद गर्न चाहेको जग्गाको विवरण**

जिल्ला: ..........................गा.पा./न.पा....................................... वडा नं..................
नक्सा सीट नं.....................कि.नं..................मध्ये........................ तर्फ ..................
क्षेत्रफल:..................................................................................................................
खरिद मूल्य रू.......................अक्षेरूपी.........................................................................
जग्गाधनीको नाम:.........................................................................................................
जग्गाधनीको ठेगाना:.......................................................................................................

**संलग्न कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. मुक्त हलियाका परिचयपत्रको प्रतिलिपि
३. जग्गाको नक्सा/प्रिन्ट
४. अनुसूची २ वमोजिमको संभौतापत्र

**निवेदक**

नाम:
परिचयपत्र नं.
ठेगाना:
दस्तखत:

**जग्गाधनीको दस्तखत :**

| | |
|---|---|
| | |
| दायां | बायां |

ल्याप्चे सही छाप

| | |
|---|---|
| | |
| दायां | बायां |

ल्याप्चे सही छाप

**कार्यालय प्रयोजनका लागि**

मुक्त हलियाको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

बाबुको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

बाजे/ससुराको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

पति/पत्नीको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

ठेगानाः

परिचय पत्र नं..........................प्राप्त गरेको वर्ष:........................... परिचयपत्रको वर्ग.................................

यस अघि जग्गा पाए/नपाएकोः ...................................................................................................................

| विवरण भर्ने कर्मचारीको | प्रमाणित गर्ने अधिकृत |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः | नामः<br>पदः.<br>दस्तखतः<br>मितिः |

## अनुसूची - २

(दफा २ को उपदफा (३) संग सम्बन्धित)

**<u>मुक्त हलियाले पेश गर्ने सभौताको ढाँचा</u>**

**नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, मुक्त हलिया पुनःस्थापन जिल्ला समिति__________को रोहवरमा मुक्त हलिया (धनि) र जग्गाधनी (ऋणी) वीच भएको <u>सम्झौता - पत्र</u>**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, मुक्त हलिया पुनःस्थापन जिल्ला समिति.......................को रोहवरमा मुक्त हलिया धनि (यसपछि पहिलो पक्ष भनिएको) श्री........................................ र ऋणी (यसपछि दोश्रो पक्ष भनिएको) श्री.............................................वीच पहिलो पक्षले जग्गा खरिद गर्न र दोश्रो पक्षले जग्गा विक्री गर्न देहायमा उल्लिखित शर्तहरू पालना गर्ने गरी दुवै पक्ष वीच सहमती भई भूमिसुधार कार्यालय/मालपोत कार्यालय........................................मा बसी निम्न लिखित साक्षीहरूको रोहवरमा यो सभ्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं ।

**<u>शर्तहरू</u>**

१. जिल्ला... ... ... ..... गा.पा./न.पा. ... ... .. वडा नं......को..... ..... ..... भन्ने ठाउंमा रहेको मेरो/हाम्रो ......... नामको नक्सा सिट नं............... कि.नं..........को क्षेत्रफल.... .... .. .... ... ... .... ...को जग्गा मुक्त हलिया श्री/श्रीमती... .... .... ... .... .. . श्रीमती... ... .... .. .. ... .. .. .. .. .. लाई विक्री गर्न मन्जुर भएको छु/छौं ।

२. पहिलो पक्षले रू.... ... .... (अक्षरेपी... .... .... .... ..... ..... ...) रकम दिएमा दोश्रो पक्षले भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय,... ... .... .. ... मा गई पहिलो पक्षलाई आफ्नो नाममा रहेको जिल्ला... ... ............ गा.पा./न.पा. . .. .. ... वडा नं.... को कि.नं.... ...क्षे.फ.... ... ..........तर्फ..............को जग्गा पहिलो पक्षको नाममा लिखत पास गरी दिनेछु ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई जग्गा पारित गरिदिए पश्चात रू... .. .. ... .. (अक्षरेपी... .... ... ... ... ... .. ... ...) भमिसुधार तथा मालपोत/मालपोत कार्यालय.... ... .......... को चेक मार्फत सम्बन्धित कार्यालयले भुक्तानी दिनेछ ।

**पहिलो पक्ष**
नाम, थर:.................
वर्ष:.............

ठेगाना.............
दस्तखत..........

**दोश्रो पक्ष**
नाम, थर:..................
वर्ष:..........

ठेगाना:.............
दस्तखत.........

**साक्षी**
नाम, थर:...........
वर्ष:.........................
ठेगाना .............
दस्तखत..........

**साक्षी**
नाम थर:...........
वर्ष:.......
ठेगाना:.........
दस्तखत.........

**रोहवरमा**

| | | |
|---|---|---|
| **तयार गर्ने** | **रूजु गर्ने** | **कार्यालय प्रमुख** |

इति सम्बत् २०................ साल.............महिना.............रोज................शुभम्

## अनुसूची - ३
(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

**मुक्त हलियाले घर मर्मतका लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति:..................

फोटो

श्रीमान् सदस्य-सचिवज्यू,
मुक्त हलिया पुन:स्थापन जिल्ला समितिको कार्यालय,
भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय....................।

**विषय: घर मर्मत गर्न अनुदान रकम उपलब्ध गराई पाँउ ।**

म परिचयपत्र प्राप्त मुक्त हलियाको परिवारको मूली भएको र नेपाल सरकार (मं.प.) बाट स्वीकृत गठन आदेश, २०७० र कार्ययोजना वमोजिम 'ख' वर्ग र अवस्था हेरी 'घ' वर्गका मुक्त हलियाहरूको घर मर्मत गरी वस्न योग्य बनाउने नीति अनुरूप म र मेरो परिवार बस्दै आएको घर मर्मत गरी वस्न योग्य तुल्याउन आवश्यक भएकाले तपशील बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । वुझ्नु पर्ने विषय बुझी घर मर्मत गर्न अनुदान रकम उपलब्ध गराई घर मर्मत गर्ने/गराउने आवश्यक ब्यवस्था हुन अनुरोध गर्दछु । झुट्टा विवरण पेश गरेको वा घर मर्मतका लागि प्राप्त अनुदान रकम घर मर्मत नगरी हिनामिना गरे कानून बमोजिम असूल उपर गरे मेरो मंजुरी छ ।

**घरको विवरण:** जिल्ला.............गा.पा./न.पा..............वडा नं....................... सरकारी/ऐलानी/पर्ति जग्गा:..............आफ्नो वा परिवारको स्वामित्वमा रहेको भए नक्सा नं.......... सीट नं...........कित्ता नं. मध्ये...........तर्फ.....................क्षेत्रफल......................

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **घर :** | पक्की | ☐ | कच्ची | ☐ | | | |
| **तल्ला :** | भुइतले | ☐ | एकतले | ☐ | दुईतले | ☐ | |
| **कोठा:** एक कोठा ☐ | दुई कोठा | ☐ | तीन कोठा | ☐ | सो भन्दा बढी | ☐ | |
| **छाना :** | पराल/खर | ☐ | टायल खपटा | ☐ | जस्ता | ☐ | |
| ढलान ☐ | अन्य | ☐ | | | | | |
| **शौचालय :** | छ | ☐ | छैन | ☐ | | | |

**मर्मत गर्नु पर्ने विवरण :**

**छाना** ☐ **गाह्रो** ☐ **झ्याल ढोका** ☐ **अन्य भए खुलाउने**............

**संलग्न कागजातहरू**
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. मुक्त हलियाको परिचयपत्रको प्रतिलिपि
३. जग्गाको नक्सा/प्रिन्ट
४. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि

**निवेदक**
नामः
परिचयपत्र नं.
ठेगानाः
दस्तखतः

| | |
|---|---|
| | |
| दायां | बायां |

---

**कार्यालय प्रयोजनका लागि**

मुक्त हलियाको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
बाबुको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
बाजे/ससुराको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
पति/पत्नीको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
ठेगानाः
परिचय पत्र नं.......................प्राप्त गरेको वर्षः..............परिचयपत्रको वर्ग......................
यस अघि जग्गा पाए/नपाएको : ........................................................................

| विवरण भर्ने कर्मचारीको | प्रमाणित गर्ने अधिकृत |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः | नामः<br>पदः.<br>दस्तखतः<br>मितिः |

## अनुसूची - ४

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**<u>मुक्त हलियाले घर निर्माणका लागि पेश गर्ने निवेदनको ढाँचा</u>**

मितिः..................

श्रीमान् सदस्य-सचिवज्यू,
मुक्त हलिया पुनःस्थापन जिल्ला समितिको कार्यालय,
भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय,
..............................................................।

फोटो

विषयः **<u>घर निर्माण गरिपाँउ ।</u>**

म परिचयपत्र प्राप्त मुक्त हलियाको परिवारको मूली भएको र नेपाल सरकार (मं.प.) बाट स्वीकृत गठन आदेश, २०७० र कार्ययोजना वमोजिम "क" वर्ग, "ग" र अवस्था हेरी "ख" वर्गका मुक्त हलियालाई घर निर्माण गरि दिने नीति अनुरूप मेरो नेपाल राज्यभरी कहि कतै घर नभएकाले तपशील बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । वुझ्नु पर्ने विषय बुझी घर निर्माण गरिदिने व्यवस्था गरिदिनु हुन अनुरोध गर्दछु । झुट्ठा विवरण पेश गरेको वा घर निर्माणका लागि निकासा भएको अनुदान रकम घर निर्माण नगरी हिनामिना गरे कानून बमोजिम असूल उपर गरे मेरो मंजुरी छ ।

**<u>हाल वसिरहेको स्थानको विवरण</u>**

जिल्लाः............ गा.पा./न.पा............. वडा नं.... सरकारी/ऐलानी/पर्ति जग्गा खुलाउने....................
आफ्नो वा परिवारको स्वामित्वमा रहेको भए - सिट नं............. कि.नं.......... क्षेत्रफल.................

**<u>घरको विवरण</u>**

सरकारी/ऐलानी/पर्ति

पक्की [ ] कच्चि [ ] गा.पा./न.पा............. वडा नं.............

**<u>घर निर्माण गर्न चाहेको स्थान</u>**

जिल्लाः.............................गा.पा./न.पा........................................वडा नं...................................

घर निर्माण हुने जग्गाको स्वामित्वः

आ ̂ नो स्वामित्व [ ] नेपाल सरकारले उपलब्ध गराएको [ ]

सिट नं....................................कित्ता नं...........................क्षेत्रफलः...................................................

**<u>संलग्न कागजात</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. मुक्त हलियाको परिचयपत्रको प्रतिलिपि
३. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि
४. गा.पा./न.पा. को सिफारिश
५. जग्गाको नक्सा प्रिन्ट

**निवेदकको ल्याप्चे सहिछाप**

| | |
|---|---|
| | |
| दायां | बायां |

**निवेदक**

नामः

परिचयपत्र नं.

ठेगानाः

दस्तखतः

---

**कार्यालय प्रयोजनका लागि**

मुक्त हलियाको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

बाबुको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

बाजे/ससुराको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

पति/पत्नीको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः

ठेगाना :

परिचय पत्र नं........... प्राप्त गरेको वर्षः................... परिचयपत्रको वर्ग...............

यस अघि जग्गा पाए/नपाएको : ............................

| विवरण भर्ने कर्मचारीको | प्रमाणित गर्ने अधिकृत |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः | नामः<br>पदः.<br>दस्तखतः<br>मितिः |

## अनुसूची - ५

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**मुक्त हलियाले बसोबास गरी आएको सरकारी/ऐलानी/पर्ति जग्गा दर्ता गर्न पेश गर्ने निवेदनको ढाँचा**

मिति:...................

श्रीमान् सदस्य-सचिवज्यू,
मुक्त हलिया पुनःस्थापन जिल्ला समितिको कार्यालय,
भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय........................।

फोटो

विषयः **जग्गा दर्ता गरिपाँउ ।**

म परिचयपत्र प्राप्त मुक्त हलियाको परिवारको मूली भएको र नेपाल सरकार (मं.प.) बाट स्वीकृत गठन आदेश, २०७० र कार्ययोजना बमोजिम नेपाल सरकारले हलियालाई वि.सं. २०६५ भाद्र २१ गते मुक्त घोषणा गरे पश्चात कम्तिमा ५ वर्ष देखि सरकारी/ऐलानी/पर्ति जग्गामा घर बनाई वसेका "ख" वर्गका मुक्त हलिया परिवारलाई कार्ययोजनामा तोकिएको जग्गा दर्ता गरि दिने प्रावधान बमोजिम जग्गा दर्ता गरिदिन तपशील बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**मुक्त हलियाले बसोवास गरेको जग्गाको विवरण**

जिल्ला:...............गा.पा./न.पा...............वडा नं.....नक्सा सीट नं...............कि.नं...............मध्ये...............तर्फ ........क्षेत्रफल...............सरकारी/ऐलानी/पर्ति जग्गा के हो खुलाउने..........................................................

आफ्नो वा परिवारको स्वामित्वमा रहेको भए:- सिट नं............ कि.नं............... क्षेत्रफल...............

**बसोवास गरी आएको जग्गाको भोग अवधि:**

५ वर्ष भित्रको ☐ १० वर्ष भित्रको ☐ सो भन्दा वढीको ☐

**भोग गरिरहेको जग्गाको क्षेत्रफल :**

रोपनी ..........आना...........पैसा.............दाम.............

विगाहा..........कठ्ठा.............धुर.............कनवा..........

**हाल भोग गरिरहेको जग्गामा रहेको घरको विवरण:** पक्कीघर ☐ कच्चीघर ☐

**घर वनाएको वर्ष:** १० वर्ष अघि ☐ सो भन्दा वढीको ☐

**संलग्न कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. परिचयपत्रको प्रतिलिपि
३. भोग गरिरहेको जग्गाको नक्सा । प्रिन्ट
४. गा.पा./न.पा. को सिफारिश

**निवेदकको ल्याप्चे सहिछाप**

| | |
|---|---|
| | |
| दायां | बायां |

**निवेदक**
नामः
परिचयपत्र नं.:
ठेगानाः
दस्तखतः

---

**कार्यालय प्रयोजनका लागि**

मुक्त हलियाको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
बाबुको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
बाजे/ससुराको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
पति/पत्नीको नामः नागरिकता प्रमाण पत्र नं./जिल्लाः
ठेगाना :

मुक्त हलियाको परिचय पत्र नं.................प्राप्त गरेको वर्षः.................परिचयपत्रको वर्ग.................
यस अघि जग्गा पाए/नपाएको : ..............................................................................................

| विवरण भर्ने कर्मचारीको | प्रमाणित गर्ने अधिकृत |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः | नामः<br>पदः<br>दस्तखतः<br>मितिः |

⦿